# प्राकृत व्याकरण र ग्रिमको ध्वनि परिवर्तनको नियमको तुलना

महेन्द्र भण्डारी
उपप्राध्यापक,
नेसंवि जनता विद्यापीठ, बिजौरी, दाङ, नेपाल
hamroastro@gmail.com

https://doi.org/10.3126/haimaprabha.v25i01.96676

***सारसङ्क्षेप***

*प्रस्तुत अध्ययन संस्कृत भाषाबाट प्राकृतमा भएको ध्वन्यात्मक रूपान्तरण र भारोपेलीबाट जर्मनेली भाषामा भएको ध्वनि परिवर्तन (ग्रिमको नियम) को तुलनात्मक अध्ययनमा केन्द्रित छ । दस्तावेजको विश्लेषणमा आधारित गुणात्मक प्रकृतिको यस अध्ययनमा मुख्य रूपमा तुलनात्मक विधिको प्रयोग गरी सामग्रीको विश्लेषण गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य संस्कृतबाट भाषिक रूपान्तरण भएर प्राकृत भाषा बन्दा र भारोपेलीबाट जर्मनेली भाषा बन्दा भएका ध्वनि परिवर्तनमा उच्चारण स्थानका आधारमा कसरी ध्वनिहरू स्थानगत रूपमा वितरित भए भन्ने अध्ययन गर्नु रहेको छ । यस अध्ययनमा मुख्य गरी वररुचि, हेमचन्द्र र चण्ड जस्ता प्राकृत वैयाकरणका सूत्रहरूलाई साक्ष्यका रूपमा लिइएको छ भने ग्रिमको नियमका आधारमा जर्मनेली ध्वनि परिवर्तनको प्रकृति तुलना गरिएको छ । यस अध्ययनबाट संस्कृतबाट प्राकृतमा ध्वन्यात्मक रूपान्तरण हुँदा सबैजसो ध्वनिहरू उच्चारण स्थानका आधारमा विचलन वा वितरित भएको पाइन्छ । यसरी वितरित हुँदा तिनीहरूको उच्चारण प्रयत्न, घोषत्व र प्राणत्वमा पनि परिवर्तन भएको पाइन्छ । यसरी ध्वनिहरू परिवर्तन भएर जाँदा उच्चारण अवयवको टाढाटाढातिर वितरित नभई नजिकै नजिकैका स्थानमा वितरित हुन्छन् र कतिपय ध्वनिहरू घोषत्व र प्राणत्वका आधारमा परिवर्तन भई सोही स्थानबाट पनि उच्चरित हुन्छन् भने यसका विपरीत, ग्रिमको नियममा उच्चारण स्थान स्थिर रही ध्वनिको गुण वा प्रयत्नमा चक्रीय परिवर्तन हुने तथ्य फेला परेको छ । प्रस्तुत लेखमा यी दुई नियमको तुलना गरी संस्कृतबाट प्राकृतमा हुने ध्वनि परिवर्तन मुख्यतया वितरित वा विकेन्द्रीकरणतर्फ उन्मुख रहेको र ती ध्वनिहरू कोमलीकरणतर्फ उन्मुख रहेको र ग्रिमको उच्चारण स्थानका आधारले वितरित ढाँचामा नरही सुदृढीकरण र संरचनात्मक चक्रको ढाँचामा केन्द्रित रहेको छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी:** उच्चारण स्थान,ऐतिहासिक भाषाविज्ञान, ग्रिमको नियम, प्राकृत व्याकरण, ध्वनि परिवर्तन ।

## विषय परिचय

भारोपेली भाषा परिवारका विभिन्न आवाज विभिन्न भाषामा रूपान्तरण हुने प्रक्रिया लामो समयदेखि चलिरहेको छ । संस्कृत भाषाबाट प्राकृत भाषामा भाषिक परिवर्तन हुँदा र भारोपेली भाषा परिवारका भाषाहरूबाट जर्मनेली भाषामा भएको भाषिक परिवर्तनका विषयमा धेरै विज्ञहरूले अध्ययन गरेका छन् । संस्कृतबाट प्राकृतमा भएको भाषिक परिवर्तनको विषयमा विभिन्न प्राकृत वैयाकरणहरूले चर्चा गरेका छन्। यस क्रममा वररुचि, चण्ड र हेमचन्द्रका विचारहरू महत्त्वपूर्ण छन् । भारोपेलीबाट जर्मनेलीमा भएको भाषिक परिवर्तन र संस्कृतबाट प्राकृतमा भएको भाषिक परिवर्तनको समय र मिति फरक रहेको पाइएको छ। संस्कृतबाट प्राकृतमा भएको भाषिक परिवर्तनको समय जर्मनेलीमा भएको परिवर्तनभन्दा पहिलेको मानिन्छ ।

सामान्य रूपमा संस्कृतबाट प्राकृतमा भएको भाषिक परिवर्तन वैदिक कालदेखि नै भएको हो भन्ने कुरा थाहा हुन्छ, तर इसा पूर्वको पहिलो-दोस्रो शताब्दी र ईस्वीको दोस्रो-तेस्रो शताब्दीमा भारोपेली भाषा परिवारबाट जर्मनेली भाषामा भाषिक परिवर्तन भएको पाइन्छ। यस विषयमा ग्रिमले पहिलोपटक भाषिक परिवर्तनका बारेमा चर्चा गरेका छन्। त्यसैगरी संस्कृतबाट प्राकृतमा भएको भाषिक परिवर्तनका बारेमा विभिन्न व्याकरणविद्हरूले चर्चा गरेका छन्। मुख्य रूपमा संस्कृतबाट प्राकृतमा भएको भाषिक परिवर्तन र ग्रिमले गरेको भाषिक परिवर्तनको सम्बन्धमा यहाँ तुलनात्मक रूपमा चर्चा गरिएको छ। भारोपेली भाषा परिवारका संस्कृत तथा प्राकृत र जर्मनेली भाषामा समान नियमहरूबाट प्रभाव परेको भन्ने उल्लेख पाइन्छ। प्रस्तुत लेखमा प्राकृत वैयाकरणहरूले उच्चारण स्थानका आधारमा उल्लेख गरेका ध्वनि परिवर्तका नियम र जर्मनेली भाषाशास्त्री याकोव ग्रिमले प्रस्तुत गरेका ध्वनि परिवर्तनसम्बन्धी मान्यतालाई तुलना गरी हालसम्म अध्ययन नगरिएकाले मान्यताबिच कस्तो भिन्नता छ भन्ने मुख्य समस्याको समाधान खोज्ने प्रयास गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन संस्कृतबाट प्राकृतमा भएको ध्वन्यात्मक रूपान्तरण र भारोपेलीबाट जर्मनेली भाषामा भएको ग्रिमको ध्वनि परिवर्तनको नियमबिचको तुलनात्मक विश्लेषणमा केन्द्रित छ। यस अध्ययनमा अपनाइएको विधि निम्न बमोजिम रहेको छ :

**अनुसन्धानको ढाँचा** प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धानमा आधारित छ। यहाँ संस्कृतबाट प्राकृतमा भएको ध्वन्यात्मक रूपान्तरण र भारोपेलीबाट जर्मनेली भाषामा भएको ग्रिमको ध्वनि परिवर्तनको नियमबिच तुलना गरिएकाले तुलनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ। ऐतिहासिक भाषाविज्ञानका सिद्धान्तहरूलाई आधार मानी प्राचीन प्राकृत व्याकरणका सूत्रहरू र ग्रिमको नियमबिच रहेका समानता तथा भिन्नताहरूलाई व्याख्यात्मक पद्धतिबाट विश्लेषण गरिएको छ।

**नमुना छनोट** यस अध्ययनका लागि नमुनाका रूपमा प्राकृत वैयाकरणहरूवररुचि, हेमचन्द्र र चण्डका विशिष्ट ध्वन्यात्मक सूत्रहरूलाई छनोट गरिएको छ। साथै, तुलनाका लागि याकोब ग्रिमको पहिलो र दोस्रो ध्वनि परिवर्तनसँग सम्बन्धित कण्ठ्य, दन्त्य र ओष्ठ्य वर्गका प्रतिनिधि ध्वनिहरूलाई उद्देश्यमूलक नमुना छनोट विधि मार्फत चयन गरिएको छ।

**तथ्य सङ्कलन** अध्ययनका लागि आवश्यक तथ्यहरू द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ। जसमा वररुचिको 'प्राकृत प्रकाश', हेमचन्द्रको 'सिद्धहेमशब्दानुशासन' (प्राकृत व्याकरण) र चण्डको 'प्राकृत लक्षणम्' जस्ता प्राथमिक ग्रन्थहरूका साथै ग्रिमको नियमसम्बन्धी भाषावैज्ञानिक लेख र पुस्तकहरूको अध्ययन गरी आवश्यक तथ्यहरूको टिपोट गरिएको छ।

**तथ्य सङ्कलनका साधन** तथ्य सङ्कलनका लागि मुख्य रूपमा पुस्तकालय कार्यबाटप्राचीन व्याकरणका मूल ग्रन्थ र तिनका टीकाहरूको अध्ययन गरिएको छ। यहाँ प्राकृतका ध्वनि परिवर्तनका उदाहरण तथा सूत्रहरूलाई तथ्यका रूपमा सङ्लन गरिएको गरिएको छ।

**तथ्य विश्लेषणका साधन** सङ्कलित तथ्यहरूको विश्लेषण गर्न तालिका, ध्वन्यात्मक वर्गीकरण र व्यतिरेकी विश्लेषण जस्ता साधन र प्रविधिहरू प्रयोग गरिएको छ। यहाँ उच्चारण स्थान (कण्ठ्य, दन्त्य, ओष्ठ्य आदि) र घोषत्व तथा प्राणत्वका आधारमा संस्कृत, प्राकृत र ग्रिम नियमका ध्वनिहरूलाई तालिकामा प्रस्तुत गरिएको छ। अन्तमा प्राकृतको 'स्थान विचलन' र ग्रिमको 'चक्रीय परिवर्तन' बिचको भिन्नता र समानतालाई बुँदागत रूपमा विश्लेषण गरिएको छ। अत:यो अध्ययन विधिले

संस्कृत-प्राकृतको ध्वनि विकास र जर्मनेली भाषाहरूको ध्वनि विस्थापनको तुलनालाई प्रामाणिक र वैज्ञानिक बनाउन मद्दत पुऱ्याएको छ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत अध्ययन ऐतिहासिक भाषा विज्ञान अन्तर्गतको ध्वनि परिवर्तनमा केन्द्रित रहेको छ। यसका संस्कृतबाट प्राकृतमा भएको भाषिक परिवर्तनका क्रममा उच्चारण स्थानका आधारमा भएको भाषिक परिवर्तन र जर्मन भाषाशास्त्री याकोव ग्रिमको ध्वनि परिवर्तनका मान्यताका बिचमा तुलना गरिएको छ। तुलनाका लागि तुलनात्मक भाषा विज्ञानका मान्यतालाई आधार मानिएको छ।

संस्कृतबाट प्राकृतमा भएको भाषिक परिवर्तनका सम्बन्धमा प्राकृत व्यैयाकरणहरूले चर्चा गरेका छन्। यसमा खास गरी वररुचि, हेमन्द्र लगायतले विशेष चर्चा गरेका छन्। शास्त्री (१९६६) का अनुसार संस्कृतका शब्दहरू प्राकृतमा रूपान्तरित हुने बेलामा तिनका उच्चारण स्थान, प्रयत्न, घोषत्वका आधारमा पनि परिवर्तन भए (पृ.११६)। प्राकृत भाषाको समय ई.पू. ६०० देखि ई. १००० सम्मको थियो (शास्त्री,१९६६, पृ.२)। यस समयावधिमा संस्कृत भाषामा व्यापक परिवर्तन आयो र अनेक प्राकृत भाषाहरू बन्न पुगे। त्यसैले'प्रकृतिः संस्कृतम्',अर्थात् प्राकृतको मूल संस्कृत हो (सिसोदिया, ई.२००६,पृ.१) भन्ने मान्यता राखिएको पाइन्छ। प्राकृत व्याकरणमा विशेष गरी वररुचिको "प्राकृत प्रकाश" र हेमचन्द्रको (प्राकृत शब्दानुशासनम्)मा प्रस्तुत भएका मान्यताहरू बढी प्रामाणिक मानिन्छन्। यी वैयाकरणहरूले संस्कृतका ध्वनिहरू प्राकृतमा परिवर्तन हुँदा कसरी रूपान्तरित हुन्छन् भन्ने कुरालाई सूत्रबद्ध गरेका छन् (शास्त्री, ई. १९६३, पृ.२१)। यी वैयाकरणहरूले ध्वनिको परिवर्तन मात्र नभई कुन अवस्थामा अल्पप्राण हुन्छन्, कुन अवस्थामा सघोष हुन्छन् र कुन अवस्थामा लोप भएर स्वरयन्त्रमुखीमा परिवर्तन हुन्छन् भन्ने वैज्ञानिक प्रक्रियालाई समेत व्याख्या गरेका छन् (शास्त्री,१९६६, पृ.३९)। वररुचिको "प्राकृत प्रकाश"को द्वितीय परिच्छेदको तेस्रो सूत्रदेखि सत्चालिसौँ सूत्रसम्म र हेमचन्द्रको प्राकृत शब्दानुशासनम्का १।१८१ देखि २।२४३ सम्मका सूत्रहरूमा ध्वनि परिवर्तनका सम्बन्धमा चर्चा गरिएको छ। ती सूत्रहरूमा विभिन्न शब्दहरू अर्को शब्दमा परिवर्तन हुन्छ भन्ने क्रममा उच्चारण स्थानका आधारमा पनि अध्ययन गर्न सकिने भएकाले तिनलाई यहाँ सैद्धान्तिक पर्याधारमा रूपमा प्रस्तुत गरिएको छ।

पाश्चात्य भाषाविज्ञानमा ज्याकोब ग्रिमले सन् १८२२ मा प्रतिपादन गरेको 'ग्रिमको नियम' लाई यस अध्ययनको अर्को महत्त्वपूर्ण सैद्धान्तिक आधार मानिएको छ। ऐतिहासिक तुलनात्मक भाषाविज्ञानमा यो नियम पहिलो वैज्ञानिक नियमका रूपमा स्थापित छ। उनले भारोपेली मूल भाषाबाट जर्मनेली भाषा र निम्न जर्मनबाट उच्च जर्मनमा भएको भाषिक परिवर्तनलाई पहिलो र दोस्रो गरी दुईवटा नियममा प्रस्तुत गरेका छन् (गौतम, २०६८, ३२१-३२२)। ग्रिमको पहिलो नियम अनुसार परिवर्तन भारोपेली मूल भाषाबाट आदि-जर्मनेली भाषामा विकसित हुँदा भएको थियो (बन्धु,२०७७, पृ.१५७ )। उनको पहिलो ध्वनि परिवर्तनको नियममातीनवटा मुख्य चरणहरूयस प्रकार रहेका छन्: (क) प्रथम चरण: भारोपेली मूल भाषाका अघोष अल्पप्राण ध्वनिहरू k, t, p जर्मनेलीमा अघोष संघर्षी ध्वनिहरू kh, th, f मा परिवर्तित भएका छन्। (ख) द्वितीय चरण:भारोपेलीका सघोष अल्पप्राण ध्वनिहरू g, d, b आदि-जर्मनेलीमा अघोष अल्पप्राण ध्वनिहरू k, t, p मा रूपान्तरण भएका छन्। (ग)तृतीय चरण:भारोपेलीका सघोष महाप्राण ध्वनिहरू gh, dh, bh आदि-जर्मनेलीमा पुग्दा तिनको महाप्राणत्व

हराएर सघोष अल्पप्राण ध्वनिहरू g, d, b मा बदलिएका छन् (गौतम,२०६८,पृ.३२१)। त्यस्तै उनको द्वितीय ध्वनि परिवर्तन निम्न-जर्मनेलीबाट 'उच्च जर्मन' भाषामा परिवर्तन भएका ध्वनिमा केन्द्रित रहेको पाइन्छ। उनका अनुसार जर्मनहरू विभाजित हुनुपूर्व जर्मनमा रहेका k, t, p ध्वनिहरू विभाजनपछि निम्न जर्मनमा यथावत् रूपमा रहे भने उच्च जर्मनमा चाहिँ k, t, p ध्वनिkh, th/s, ph मा रkh, th, phध्वनि g, d, b मा र g, d, b चाहिँ k, t, p मा परिवर्तित भएका छन् (गौतम,२०६८, पृ.३२२)। यसमा अघोष अल्पप्राण, अघोष महाप्राण, सघोष अल्पप्राण र सघोष महाप्राण ध्वनिहरू एउटै उच्चारण स्थानमा रहेर एक-अर्कामा परिवर्तन हुन्छन् भन्ने चक्रीय प्रणालीलाई सैद्धान्तिक रूपमा प्रमाणित गरिएको छ।

प्रस्तुत अध्ययन ध्वनिको उच्चारण स्थान र उच्चारण प्रयत्नबिचको तुलनामा केन्द्रित छ, जुन यसको विशिष्ट सैद्धान्तिक आधार हो। भाषाविज्ञानको यो सिद्धान्तले भाषाको विकासक्रममा ध्वनिहरू दुई तरिकाले परिवर्तन हुन्छन् भन्ने मान्यता राख्छ: पहिलो, तिनीहरूले आफ्नो उच्चारण गर्ने स्थान परिवर्तन गर्छन्, र दोस्रो, तिनीहरूले आफ्नो उच्चारण गर्ने तरिका बदल्छन्। संस्कृत-प्राकृत परिवर्तनमा 'स्थान परिवर्तन' को अधिकता र ग्रिमको नियममा 'गुण परिवर्तन' (अर्थात् स्थान स्थिर रहनु) लाई यस अध्ययनको मुख्य आधार बनाइएको छ। साथै, ध्वनिको अग्रगामी विचलन र पश्चगामी विचलन जस्ता भाषावैज्ञानिक अवधारणाहरूलाई पनि यसमा सैद्धान्तिक रूपमा जोडिएको छ। यसले कण्ठ्य ध्वनि ओष्ठ्यमा पुग्नु वा दन्त्य ध्वनि वर्त्स्यमा सर्नु जस्ता प्रक्रियालाई वैज्ञानिक व्याख्या दिन्छ।

## तथ्य र विश्लेषण

प्रस्तुत अध्ययनमा प्राप्त तथ्यहरूलाई कण्ठ्य ध्वनिको परिवर्तन, दन्त्य ध्वनिको परिवर्तन, वर्त्स्य ध्वनिको परिवर्तन, ओष्ठ्य ध्वनिको परिवर्तन र तालव्य ध्वनिको परिवर्तन र उच्चारण स्थानका आधारमा ग्रिमको पहिलो / दोस्रो ध्वनि परिवर्तन जस्ता शीर्षकमा तालिका सहित प्रस्तुत गरी विश्लेषण गरिएको छ र त्यसबाट निष्कर्ष निकालिएको छ।

### कण्ठ्य ध्वनिको परिवर्तन

प्राकृत वैयाकरणहरूका अनुसार संस्कृतका कण्ठ्य ध्वनिहरू प्राकृतमा पुग्दा अग्र र पश्च गरी वितरित भएका छन्। चण्ड तथा हेमचन्द्रका अनुसार संस्कृतका कण्ठ्य ध्वनिहरू विभिन्न स्थानबाट वितरित भई उच्चारण हुन्छन्। उनी**हरू**ले प्रस्तुत गरेको धारणालाई तालिकामा यसरी देखाउन सकिन्छ:

**तालिका १:** *प्राकृत व्याकरणमा कण्ठ्य ध्वनि वरिवर्तन*

| संस्कृत ध्वनि | प्राकृतमा उच्चारण स्थान | प्राकृतमा परिवर्तित ध्वनि | सन्दर्भित सूत्र |
|---|---|---|---|
| | ओष्ठ्य | bh (भ्), | (वर.२।५,६) (हे.१।१८४,८५) |
| | | m (म्) | (वर.२।६) (हे.१।१८५) |
| (कण्ठ्य) k (क्) | वर्त्स्य | c (च्) | (वर.२।३३) (हे.१।१८१) |
| | कण्ठ्य | kh (ख्), | (वर.२।३४) (हे.१।१८१) |
| | | g (ग्) | (चंड.३।१२) |

| | | | |
|---|---|---|---|
| | अतिकण्ठ्य | h (ह्) | (वर.२।४) (हे.१।१८६) |
| (कण्ठ्य) kh (ख्) | कण्ठ्य | k (क्) | (हे.१।१८९) |
| | अतिकण्ठ्य | h (ह्) | (वर.२।२७) (हे.१।२३६) |
| (कण्ठ्य) g (ग्) | ओष्ठ्य | m (म्) | (हे.१।१९०) (हे.१।१९१) |
| | वर्त्स्य | l (ल्) | (वर.) (हे.१।१९१) |
| (कण्ठ्य) gh (घ्) | अतिकण्ठ्य | h (ह्) | (वर.२।२७) (हे.१।१८७) |

**क) ओष्ठ्यीकरण र अग्रगामी वितरण**

संस्कृतका कण्ठ्य स्पर्श ध्वनिहरू प्राकृतमा रूपान्तरण हुँदा तिनको उच्चारण स्थान कण्ठबाट अगाडि सरेर ओष्ठ (ओठ) सम्म पुगेको पाइन्छ, जसलाई भाषाविज्ञानमा ओष्ठ्यीकरण भनिन्छ । तालिकाका अनुसार संस्कृतको अघोष अल्पप्राण कण्ठ्य k (क्) ध्वनि प्राकृतमा सघोष महाप्राण ओष्ठ्य bh (भ्) र सघोष अनुनासिक ओष्ठ्य m (म्) ध्वनिमा परिवर्तित भएको छ। यस परिवर्तनको प्रमाणका रूपमा वररुचि (२।५, ६) र हेमचन्द्र (१।१८४, १८५) का सूत्रहरूलाई लिन सकिन्छ । त्यसैगरी, संस्कृतको सघोष अल्पप्राण कण्ठ्य g (ग्) ध्वनि पनि प्राकृतमा ओष्ठ्य अनुनासिक m (म्)ध्वनिमा रूपान्तरण भएको तथ्यलाई हेमचन्द्र (१।१९०, १९१) का सूत्रहरूले प्रमाणित गरेका छन् । यसले कण्ठ्य ध्वनिहरू आफ्नो मूल स्थानबाट विचलित भई अग्रगामी दिशामा ओष्ठ्य ध्वनिका रूपमा वितरित भएको तथ्यलाई पुष्टि गर्दछ ।

**ख) वर्त्स्यीकरण**

कण्ठ्य ध्वनिहरूको अर्को वितरणको दिशा वर्त्स्य (गिजा) तिर रहेको पाइन्छ, जहाँ कण्ठ्य स्पर्श गुण हराएर वर्त्स्य वा पार्श्विक गुण विकसित भएको देखिन्छ। संस्कृतको कण्ठ्य k (क्)ध्वनि प्राकृतमा वर्त्स्य स्पर्श-संघर्षी c (च्) ध्वनिमा बदलिएको तथ्यलाई वररुचि (२।३३) र हेमचन्द्र (१।१८१) का सूत्रहरूले साक्ष्य प्रदान गरेका छन्। यो परिवर्तन ध्वन्यात्मक रूपमा तालव्यीकरण र वर्त्स्यीकरणको प्रक्रियासँग सम्बन्धित छ । यसका साथै, संस्कृतको कण्ठ्य g (ग्) ध्वनि प्राकृतमा वर्त्स्य पार्श्विक l (ल्) ध्वनिमा रूपान्तरण हुनुलाई हेमचन्द्र (१।१९१) र वररुचिका सूत्रहरूले स्पष्ट पारेका छन्। यसरी स्पर्श ध्वनि तरल वा पार्श्विक ध्वनिमा बदलिने प्रक्रियाले प्राकृत भाषालाई संस्कृतको तुलनामा बढी कोमल र उच्चारणमा लचिलो बनाएको भाषावैज्ञानिक आधार देखिन्छ ।

**ग) स्थानगत स्थिरता र प्रयत्न परिवर्तन**

सबै कण्ठ्य ध्वनिहरू अन्य स्थानमा विचलित नभई केही अवस्थामा आफ्नै मूल कण्ठ्य स्थानमा पनि संरक्षित रहेका छन्, तर तिनको आन्तरिक गुण वा प्रयत्नमा भने परिवर्तन आएको छ । संस्कृतको अघोष अल्पप्राण k (क्) ध्वनि प्राकृतमा अघोष महाप्राण kh (ख्) र सघोष अल्पप्राण g (ग्) ध्वनिमा बदलिएको तथ्यलाई वररुचि (२।३४), हेमचन्द्र (१।१८१) र चण्ड (३।१२) का सूत्रहरूले प्रमाणित गरेका छन् । यसैगरी संस्कृतको कण्ठ्य महाप्राण kh (ख्) ध्वनि प्राकृतमा अल्पप्राण k (क्)ध्वनिमा रूपान्तरण भएको साक्ष्य हेमचन्द्र (१।१८९) मा पाइन्छ । यी उदाहरणहरूले कण्ठ्य स्थानमै रहेर पनि ध्वनिहरूमा महाप्राणीकरण, घोषीकरण र अल्पप्राणीकरण जस्ता ध्वन्यात्मक प्रक्रियाहरू सक्रिय रहेको पुष्टि गर्दछन् ।

**घ) अतिकण्ठ्यीकरण र कोमलीकरण**

प्राकृत भाषाको सबैभन्दा विशिष्ट विशेषताका रूपमा कण्ठ्य स्पर्श ध्वनिहरू खिइएर स्वरयन्त्रमुखी h (ह्) ध्वनिमा विलीन हुनुलाई मानिन्छ, जसलाई तालिकामा 'अतिकण्ठ्य' भनिएको छ । संस्कृतका कण्ठ्य ध्वनिहरू k (क्), kh (ख्) र gh (घ्) सबै प्राकृतमा पुग्दा h (ह्) ध्वनिमा रूपान्तरण भएका छन् । यस परिवर्तनका लागि वररुचि (२।४, २।२७) र हेमचन्द्र (१।१८६, २३६, १८७) का सूत्रहरूले ठोस साक्ष्य प्रदान गरेका छन् । भाषावैज्ञानिक दृष्टिले यसलाई कोमलीकरण (Lenition) को चरम अवस्था मानिन्छ, जहाँ मुखभित्रको कुनै पनि निश्चित उच्चारण स्थानको स्पर्श प्रयत्न हराएर केवल स्वरयन्त्रबाट निस्कने प्राणवायु मात्र बाँकी रहन्छ । यसले प्राकृत भाषामा शब्दहरूको आन्तरिक व्यञ्जन खिइने र भाषा बढी स्वरप्रधान वा कोमल हुने ऐतिहासिक प्रवृत्तिको प्रतिनिधित्व गर्दछ ।

**दन्त्य ध्वनिको परिवर्तन**

संस्कृतबाट प्राकृतमा ध्वनि परिवर्तन हुँदा दन्त्य ध्वनिहरू पश्चगामी स्थान (वर्त्स्य, कण्ठ्य वा तालव्य) तिर सरेका छन् ।

**तालिका २:** *प्राकृत व्याकरणमा दन्त्य ध्वनि वरिवर्तन*

| संस्कृत ध्वनि | प्राकृतमा उच्चारण स्थान | प्राकृतमा परिवर्तित ध्वनि | सन्दर्भित सूत्र |
|---|---|---|---|
| (दन्त्य) t (त्) | वर्त्स्य | ṭ (ट्), | (हे.१।२०५) |
| | | ḍ (ड्), | (वर.२।८) (हे.१।२०६,२०७) |
| | | ṇ (ण्) | (वर.२।१०,११) (हे.१।२०८) |
| | | r (र्) | (हे.१।२१०) |
| | | l (ल्) | (हे.१।२११,२१२) |
| | अतिकण्ठ्य | h (ह्), | (वर.२।९) |
| | दन्त्य | d (द्) | (वर.२।७) |
| (दन्त्य) th (थ्) | | dh (ध्) | (हे.१।१८८) |
| | वर्त्स्य | ṭh (ठ्), | (वर.२।२८) (हे.) |
| | | ḍh (ढ्) | (हे.१।२१५,२१६) |
| | अतिकण्ठ्य | h (ह्) | (वर.२।२७) (हे.१।१८७) |
| (दन्त्य) d (द्) | वर्त्स्य | d (ड्) | (वर.) (हे.) |
| | | ḍh (ढ्) | (हे.१।२१७,२१८) |
| | | r (र्) | (वर.२।१३,१४) (हे.१।२१९,२२०) |
| | | l (ल्) | (वर.२।१२) (हे.१।२२१,२२२) |
| (दन्त्य) dh (ध्) | वर्त्स्य | ḍh (ढ्) | (हे.१।२२६,२२७) |
| | अतिकण्ठ्य | h (ह्) | (वर.२।२७) (हे.१।१८७) |

**क) वर्त्स्यीकरण र पश्चगामी वितरण**

संस्कृतका दन्त्य स्पर्श ध्वनिहरू प्राकृतमा रूपान्तरण हुँदा तिनको उच्चारण स्थान दाँतबाट पछाडि सरेर वर्त्स्य (गिजा) वा मूर्धन्य क्षेत्रसम्म पुगेको पाइन्छ, जसलाई भाषाविज्ञानमा पश्चगामी परिवर्तन भनिन्छ । तालिकानुसार संस्कृतको अघोष अल्पप्राण दन्त्य t (त् ) ध्वनि प्राकृतमा वर्त्स्य अघोष अल्पप्राण ṭ (ट्), सघोष अल्पप्राण ḍ (ड्)र अनुनासिक ṇ (ण्)ध्वनिमा परिवर्तित भएको छ,जसको प्रमाण हेमचन्द्र (१।२०५, २०६, २०७, २०८) र वररुचि (२।८, १०, ११) का सूत्रहरूले प्रदान गरेका छन् । त्यसैगरी,दन्त्य महाप्राणth (थ्) र सघोष महाप्राण dh (ध्) ध्वनिहरू पनि वर्त्स्य महाप्राण ṭh (ठ्) र ḍh (ढ्) ध्वनिमा रूपान्तरण भएको साक्ष्य वररुचि (२।२८) र हेमचन्द्र (१।२१५, २१६, २२६, २२७) मा पाइन्छ। यसले दन्त्य ध्वनिहरू कठोर भई वर्त्स्य स्थानतिर सरेको तथ्यलाई भाषावैज्ञानिक रूपमा पुष्टि गर्दछ ।

**ख) पार्श्वीकरण र सरलीकरण**

दन्त्य स्पर्श ध्वनिहरू प्राकृतमा पुग्दा तिनको 'स्पर्श' गुण हराएर तरल (Liquid) वा पार्श्विक गुण विकसित भएको देखिन्छ, जसले भाषालाई थप प्रवाहपूर्ण बनाउँछ । तालिकाका अनुसार संस्कृतको दन्त्य t (त्) र d (द्) ध्वनिहरू प्राकृतमा वर्त्स्य तरल ध्वनिहरू r (र्) र l (ल्) मा परिवर्तित भएका छन्। यस परिवर्तनको साक्ष्य हेमचन्द्र (१।२१०, २११, २१२, २१९, २२०, २२१, २२२) र वररुचि (२।१२, १३, १४) का सूत्रहरूमा स्पष्ट रूपमा उल्लेख गरिएको छ । स्पर्श ध्वनिहरू खिइएर तरल ध्वनिमा बदलिने यो प्रक्रियाले प्राकृत भाषाको कोमलता र उच्चारणको सरलतालाई उजागर गर्दछ ।

**ग) अतीकण्ठ्यीकरण र कोमलीकरण**

प्राकृतको अर्को प्रमुख ध्वन्यात्मक प्रवृत्ति भनेको दन्त्य स्पर्श ध्वनिहरू खिइएर स्वरयन्त्रमुखी (अतिकण्ठ्य) h (ह्) ध्वनिमा विलीन हुनु हो । तालिकानुसार संस्कृतका दन्त्य ध्वनिहरू t (त्), th (थ्) र dh (ध्) सबै प्राकृतमा पुग्दा h (ह्) ध्वनिमा रूपान्तरण भएका छन् । यसका लागि वररुचि (२।९, २।२७) र हेमचन्द्र (१।१८७) का सूत्रहरूले बलियो साक्ष्य प्रदान गरेका छन्। भाषावैज्ञानिक दृष्टिले यसलाई कोमलीकरण को प्रक्रिया मानिन्छ, जहाँ मुखभित्रको स्पर्श प्रयत्न पूर्ण रूपमा हराएर केवल कण्ठबाट निस्कने महाप्राण वायु मात्र बाँकी रहन्छ । यसले प्राकृतमा व्यञ्जनहरू लोप हुने वा खिइने ऐतिहासिक प्रवृत्तिको प्रतिनिधित्व गर्दछ ।

**घ) स्थानगत स्थिरता र घोषत्व तथा प्राणत्व परिवर्तन**

केही सीमित अवस्थामा संस्कृतका दन्त्य ध्वनिहरू प्राकृतमा पनि दन्त्य स्थानमै सुरक्षित रहेका छन्, तर तिनको घोषत्वमा भने परिवर्तन आएको पाइन्छ । तालिकानुसार संस्कृतको अघोष महाप्राण दन्त्य th (थ्) ध्वनि प्राकृतमा सघोष अल्पप्राण दन्त्य d (द्)र सघोष महाप्राण दन्त्य dh (ध्) ध्वनिमा रूपान्तरण भएको छ । यस तथ्यलाई वररुचि (२।७) र हेमचन्द्र (१।१८८) का सूत्रहरूले प्रमाणित गरेका छन् । यसले दन्त्य स्थान स्थिर रहे तापनि अघोष ध्वनिहरू सघोषमा बदलिने (Voicing) प्रक्रिया सक्रिय रहेको देखाउँछ, जसले ध्वनिको उच्चारणलाई संस्कृतको तुलनामा बढी गम्भीर र कोमल बनाउँछ ।

**वर्त्स्य ध्वनिको परिवर्तन**

संस्कृतका वर्त्स्य ध्वनिहरू प्राकृतमा वर्त्स्य वा पश्चगामी नै भएको पाइन्छ:

**तालिका ३:** *प्राकृत व्याकरणमा वर्त्स्य ध्वनि वरिवर्तन*

| संस्कृत ध्वनि | प्राकृतमा उच्चारण स्थान | प्राकृतमा परिवर्तित ध्वनि | सन्दर्भित सूत्र |
|---|---|---|---|
| ṭ (ट्) | वर्त्स्य | ḍ (ड्) | (वर.२।२०) (हे.१।१९५) |
| | | ḍh (ढ्) | (वर.२।२१) (हे.१।१९६) |
| | | l (ल्) | (वर.२।२२) (हे.१।१९७,१९८) |
| ṭh (ठ्) | वर्त्स्य | ḍ (ड्) | (हे.१।२०१) |
| | | ḍh (ढ्) | (वर.२।२४) (हे.१।१९९) |
| | | l (ल्) | (हे.१।२००) |
| ḍ (ड्) | वर्त्स्य | l (ल्) | (वर.२।२३) (हे.१।२०२) |
| ṇ (ण्) | वर्त्स्य | l (ल्) | (हे.१।२०३) |

**क) स्थानगत स्थिरतार घोषीकरण**

संस्कृतका वर्त्स्य स्पर्श ध्वनिहरू प्राकृतमा जाँदा तिनको उच्चारण स्थान स्थिर रहे तापनि घोषत्व र प्राणत्वमा भने उल्लेख्य परिवर्तन आएको देखिन्छ। तालिकानुसार संस्कृतको अघोष अल्पप्राण वर्त्स्य ṭ (ट्) ध्वनि प्राकृतमा सघोष अल्पप्राण ḍ (ड्) र सघोष महाप्राण ḍh (ढ्) ध्वनिमा रूपान्तरण भएको छ, जसलाई वररुचि (२।२०, २१) र हेमचन्द्र (१।१९५, १९६) का सूत्रहरूले प्रमाणित गरेका छन्। त्यसैगरी,अघोष महाप्राण वर्त्स्य ṭh (ठ्) ध्वनि पनि सघोष अल्पप्राण ḍ (ड्) र सघोष महाप्राण ḍh (ढ्) ध्वनिमा बदलिएको साक्ष्य हेमचन्द्र (१।२०१, १९९) र वररुचि (२।२४) मा पाइन्छ। यसले प्राकृतमा अघोष ध्वनिहरू सघोषमा बदलिने (Voicing) र केही अवस्थामा महाप्राणत्व थपिने प्रवृत्तिको साक्ष्य प्रदान गर्दछ।

**ख) स्थानगत स्थिरतार पार्श्वीकरण**

वर्त्स्य स्पर्श ध्वनिहरू प्राकृतमा पुग्दा तिनको 'स्पर्श' गुण हराएर तरल वा पार्श्विक गुण विकसित भएको देखिन्छ, जसले शब्दको उच्चारणलाई बढी कोमल र प्रवाहपूर्ण बनाउँछ। तालिकाका अनुसार संस्कृतका वर्त्स्य ध्वनिहरूṭ (ट्) र ṭh (ठ्) प्राकृतमा वर्त्स्य पार्श्विक l (ल्) ध्वनिमा परिवर्तित भएका छन्। यस परिवर्तनको साक्ष्य वररुचि (२।२२) र हेमचन्द्र (१।१९७, १९८, २००) का सूत्रहरूमा स्पष्ट रूपमा उल्लेख गरिएको छ। स्पर्श ध्वनि खिइएर तरल ध्वनिमा बदलिने यो प्रक्रियाले प्राकृत भाषाको विशिष्ट ध्वन्यात्मक चरित्रलाई उजागर गर्दछ।

**ग) सघोष र नासिक्यीकरण**

संस्कृतका सघोष वर्त्स्य स्पर्श र नासिक्य ध्वनिहरू प्राकृतमा जाँदा पूर्ण रूपमा पार्श्विक ध्वनिमा विलीन भएको रोचक तथ्य तालिकामा देखिन्छ। संस्कृतको सघोष अल्पप्राण वर्त्स्य ḍ (ड्) र वर्त्स्य अनुनासिक ṇ (ण्) ध्वनिहरू प्राकृतमा वर्त्स्य पार्श्विक l (ल्) ध्वनिमा रूपान्तरण भएका छन्। यस तथ्यलाई वररुचि (२।२३) र हेमचन्द्र (१।२०२, २०३) का सूत्रहरूले

साक्ष्यसहित पुष्टि गरेका छन् । भाषावैज्ञानिक दृष्टिले यसलाई तरलीकरण (Liquidization) को चरम अवस्था मानिन्छ, जहाँ नासिक्य र स्पर्श गुणहरू हराएर केवल पार्श्विक गुण मात्र बाँकी रहन्छ ।

**ओष्ठ्य ध्वनिको परिवर्तन**

प्राकृत व्याकरणअनुसार संस्कृतका ओष्ठ्य ध्वनिहरू प्रायः ओष्ठ्य स्थानमै रहन्छन् वा वर्त्स्यतर्फ पश्चगामी हुन्छन्:

**तालिका ४:** *प्राकृत व्याकरणमा ओष्ठ्य ध्वनि वरिवर्तन*

| ओष्ठ्य ध्वनि | प्राकृतमा उच्चारण स्थान | प्राकृतमा परिवर्तित ध्वनि | सन्दर्भित सूत्र |
|---|---|---|---|
| (ओष्ठ्य) p (प्) | ओष्ठ्य | ph (फ्), | (वर.२।३४,३७) (हे.१।१८१) |
| | | m (म्), | (वर.२।१६) (हे.१।२३४) |
| | | v (व्) | (वर.२।१५) (हे.१।२३१,२३३) |
| (ओष्ठ्य) ph (फ्) | ओष्ठ्य | bh (भ्) | (वर.२।२६) (हे.१।२३६) |
| (ओष्ठ्य) b (ब्) | ओष्ठ्य | bh (भ्), | (वर.२।३८) |
| | | m (म्), | (वर.२।१९) (हे.१।२५८) |
| | | v (व्) | (हे.१।२३७) |
| | दन्त्य | dh (ध्) | (वर.) (हे.) |
| (ओष्ठ्य)bh (भ्) | ओष्ठ्य | ḍh (ढ्), | (हे.१।२४१) |
| | | v (व्) | (वर.२।२९) (हे.१।२४०) |
| | अतिकण्ठ्य | h (ह्) | (वर.२।२७) (हे.१।१८७) |
| (ओष्ठ्य) m (म्) | ओष्ठ्य | v (व्) | (हे.१।२४२,२४३) |

**क) स्थानगत स्थिरतार प्रयत्न परिवर्तन**

संस्कृतका ओष्ठ्य स्पर्श ध्वनिहरू प्राकृतमा जाँदा तिनको उच्चारण स्थान प्रायः स्थिर रहे तापनि प्राणत्व र घोषत्वमा व्यापक परिवर्तन आएको देखिन्छ । तालिकानुसार संस्कृतको अघोष अल्पप्राण ओष्ठ्य p (प्) ध्वनि प्राकृतमा अघोष महाप्राण ph (फ्), सघोष अनुनासिक m (म्) र ओष्ठ्य अर्धस्वर v (व्) ध्वनिमा रूपान्तरण भएको छ, जसलाई वररुचि (२।३४, ३७, १६, १५) र हेमचन्द्र (१।१८१, २३४, २३१, २३३) का सूत्रहरूले प्रमाणित गरेका छन् । त्यसैगरी, अघोष महाप्राण ph (फ्) र सघोष अल्पप्राण b (ब्) ध्वनिहरू सघोष महाप्राण bh (भ्) मा बदलिएको साक्ष्य वररुचि (२।२६, ३८) र हेमचन्द्र (१।२३६) मा पाइन्छ। यसले प्राकृतमा ध्वनिहरू अझ बढी सघोष र कोमल हुने प्रवृत्तिको प्रतिनिधित्व गर्दछ ।

**ख) दन्त्यीकरण र वर्त्स्यीकरण**

ओष्ठ्य ध्वनिहरू कतिपय अवस्थामा आफ्नो मूल स्थानबाट विचलित भई पछाडितिर सरेको रोचक तथ्य तालिकामा देखिन्छ । संस्कृतको सघोष अल्पप्राण ओष्ठ्य b (ब्) ध्वनि दन्त्य सघोष महाप्राण dh (ध्) मा र सघोष महाप्राण ओष्ठ्य bh (भ्)ध्वनि

वर्त्स्र्य सघोष महाप्राण ḍh (ढ्) मा परिवर्तित भएको छ । यस परिवर्तनको साक्ष्य हेमचन्द्र (१।२४१) र वररुचिका सूत्रहरूले प्रदान गरेका छन् । भाषावैज्ञानिक दृष्टिले यसलाई पश्चगामी विचलन मानिन्छ, जहाँ ओठबाट हुने उच्चारण दाँत वा गिजाको क्षेत्रतिर सर्छ ।

**ग) अर्धस्वरीकरण र कोमलीकरण**

ओष्ठ्य स्पर्श ध्वनिहरू खिइएर अर्धस्वर वा अनुनासिक ध्वनिमा बदलिने प्रक्रिया प्राकृतको एक प्रमुख विशेषता हो । तालिकानुसार संस्कृतका ओष्ठ्य ध्वनिहरू p (प्), b (ब्), bh (भ्)र m (म्)सबै प्राकृतमा पुग्दा ओष्ठ्य अर्धस्वर v (व्) ध्वनिमा रूपान्तरण भएका छन्। यस तथ्यलाई वररुचि (२।१५, २९) र हेमचन्द्र (१।२३१, २३३, २३७, २४०, २४२, २४३) का सूत्रहरूले साक्ष्यसहित पुष्टि गरेका छन् । स्पर्श गुण हराएर घर्षण वा अर्धस्वरको गुण विकसित हुनुले भाषालाई उच्चारणमा थप सरलता र मधुरता प्रदान गर्दछ।

**घ) अतिकण्ठ्यीकरण र कोमलीकरण**

अन्य वर्गमा जस्तै ओष्ठ्य वर्गमा पनि स्पर्श ध्वनि खिइएर स्वरयन्त्रमुखी h (ह्)ध्वनिमा विलीन हुने प्रवृत्ति पाइन्छ। तालिकानुसार संस्कृतको सघोष महाप्राण ओष्ठ्य bh (भ्) ध्वनि प्राकृतमा पुग्दा 'अतिकण्ठ्य' अर्थात् h (ह्) ध्वनिमा रूपान्तरण भएको छ। यसका लागि वररुचि (२।२७) र हेमचन्द्र (१।१८७) का सूत्रहरूले बलियो साक्ष्य प्रदान गरेका छन्। यो परिवर्तन कोमलीकरण (Lenition) को अन्तिम अवस्था हो, जहाँ मुखभित्रको कुनै पनि स्पर्श प्रयत्न बाँकी नरही केवल कण्ठबाट निस्कने प्राणवायुको ध्वनि मात्र सुनिन्छ ।

**तालव्य ध्वनिको परिवर्तन**

संस्कृतको तालव्य ध्वनि y (य्) प्राकृतमा अग्र वा पश्चगामी भएर वितरित हुन्छ:

**तालिका ५:** *प्राकृत व्याकरणमा तालव्य ध्वनि वरिवर्तन*

| तालव्यध्वनि | उच्चारण स्थान | परिवर्तित ध्वनि | सन्दर्भित सूत्र |
|---|---|---|---|
| y (य्) | वर्त्स्र्य | j (ज्) | (वर.२।१७,३१) (हे.१।२४५,२४८) |
| | | v (व्) | (हे.१।२४६) |
| | | l (ल्) | (वर.२।३२) (हे.१।२४७) |
| | अतिकण्ठ्य | h (ह्) | (वर.२।१८) (हे.१।२४७) |

**क) तालव्य ध्वनिको दृढीकरण र वर्त्स्यीकरण**

संस्कृतको कोमल तालव्य अर्धस्वर y (य्) प्राकृतमा जाँदा वर्त्स्र्य स्पर्श-संघर्षी j (ज्) ध्वनिमा रूपान्तरण हुनु यसको सबैभन्दा प्रमुख विशेषता हो। भाषाविज्ञानमा कोमल ध्वनि कठोर वा स्पष्ट स्पर्श ध्वनिमा बदलिने यस प्रक्रियालाई दृढीकरण भनिन्छ । तालिकानुसार संस्कृतको 'य' ध्वनि प्राकृतमा 'ज' मा परिवर्तित भएको तथ्यलाई वररुचि (२।१७, ३१) र हेमचन्द्र (१।२४५,

२४८) का सूत्रहरूले स्पष्ट रूपमा प्रमाणित गरेका छन् । यो परिवर्तन विशेष गरी शब्दको आदि (सुरुवात) मा हुने 'य' ध्वनिका हकमा बढी लागू हुन्छ, जसले प्राकृत र त्यसबाट विकसित आधुनिक आर्य भाषाहरूको विशिष्ट ध्वन्यात्मक चरित्र निर्माण गरेको छ ।

**ख) अर्धस्वरको ओष्ठ्यीकरण र पार्श्वीकरण**

तालव्य अर्धस्वर y (य्) प्राकृतमा रूपान्तरण हुँदा यसको उच्चारण स्थान विचलित भई ओष्ठ्य र वर्त्स्य पार्श्विक दिशातिर पनि प्रवाहित भएको देखिन्छ । तालिकाका अनुसार संस्कृतको y (य्) ध्वनि प्राकृतमा ओष्ठ्य अर्धस्वर v (व्) र वर्त्स्य पार्श्विक l (ल्) ध्वनिमा परिवर्तित भएको छ। यस परिवर्तनको साक्ष्य हेमचन्द्र (१।२४६, २४७) र वररुचि (२।३२) का सूत्रहरूमा पाइन्छ। तालव्यबाट ओष्ठ्यतिरको यो विचलनले उच्चारणको सरलीकरण र ध्वनिको लचिलोपनलाई संकेत गर्दछ, जहाँ एउटै मूल ध्वनि विभिन्न ध्वन्यात्मक वातावरणका आधारमा फरक फरक रूपमा वितरित भएको पाइन्छ ।

**ग) अतिकण्ठ्यीकरण र कोमलीकरण**

अन्य व्यञ्जन वर्गहरूमा जस्तै तालव्य अर्धस्वर पनि प्राकृतमा खिइएर स्वरयन्त्रमुखी वा अतिकण्ठ्य h (ह्) ध्वनिमा विलीन भएको देखिन्छ । तालिकानुसार संस्कृतको y (य्) ध्वनि प्राकृतमा पुग्दा h (ह्)ध्वनिमा रूपान्तरण भएको छ, जसलाई वररुचि (२।१८) र हेमचन्द्र (१।२४७) का सूत्रहरूले साक्ष्यसहित पुष्टि गरेका छन् । भाषावैज्ञानिक दृष्टिले यसलाई कोमलीकरणको प्रक्रिया मानिन्छ, जहाँ तालव्य स्थानको निश्चित घर्षण प्रयत्न हराएर केवल कण्ठबाट निस्कने प्राणवायु मात्र बाँकी रहन्छ। यो परिवर्तन प्रायः शब्दको मध्य अवस्थामा रहेका 'य' ध्वनिहरूमा बढी देखिन्छ ।

**संस्कृत-प्राकृत ध्वन्यात्मक रूपान्तरणको साझा स्वरूप**

संस्कृतबाट प्राकृत भाषामा विकसित हुँदा भएका भाषिक परिवर्तनहरू केवल यादृच्छिक ध्वनि परिवर्तन मात्र नभई ती निश्चित भाषावैज्ञानिक नियम र दिशाबाट निर्देशित भएको पाइन्छ। समग्र विश्लेषणको पहिलो मुख्य निष्कर्ष उच्चारण स्थानको विचलन हो । संस्कृतका कण्ठ्य, दन्त्य र ओष्ठ्य ध्वनिहरू प्राकृतमा पुग्दा आफ्नो मूल स्थानबाट विचलित भई प्रायःपश्चगामी र कतिपय अवस्थामा अग्रगामी  दिशामा वितरित भएका छन् । विशेष गरी दन्त्य ध्वनिहरू वर्त्स्य वा मूर्धन्य हुनु र ओष्ठ्य ध्वनिहरू दन्त्य वा वर्त्स्यतिर सर्नुले प्राकृतमा उच्चारणको केन्द्र परिवर्तन भएको पुष्टि गर्छ । वररुचि र हेमचन्द्रका सूत्रहरूले यी स्थानगत परिवर्तनहरूलाई 'आदेश' र 'विकल्प' का माध्यमबाट शास्त्रीय रूपमा प्रमाणित गरेका छन् ।

संस्कृतबाट प्राकृतमा भाषिक परिवर्तनमा देखिएको दोस्रो प्रवृत्ति कोमलीकरण  र तरलीकरणको प्रवृत्ति हो । संस्कृतका कठोर स्पर्श ध्वनिहरू प्राकृतमा पुग्दा खिइएर तरल ध्वनि (l, r), अर्धस्वर (v, y) वा अनुनासिक (m, n) मा रूपान्तरण भएका छन् । विशेष गरी वर्त्स्य र दन्त्य वर्गका धेरै ध्वनिहरू 'ल्' (l) मा विलीन हुनु र ओष्ठ्य ध्वनिहरू 'व्' (v) मा बदलिनुले प्राकृत भाषालाई संस्कृतको तुलनामा बढी प्रवाहपूर्ण, नरम र उच्चारणमा सरल बनाएको देखिन्छ । यस प्रक्रियाले शब्दको आन्तरिक संरचनामा रहेका कठिन व्यञ्जन गुच्छहरूलाई भत्काएर भाषालाई सांगीतिक र श्रुतिमधुरता प्रदान गरेको छ ।

संस्कृतबाट प्राकृतमा भाषिक परिवर्तनमा देखिएको अर्को प्रवृत्ति  स्वरयन्त्रमुखीकरण वा अतिकण्ठ्यीकरण हो । कण्ठ्यदेखि तालव्यसम्मका प्रायः सबै वर्गका सघोष र महाप्राण ध्वनिहरू प्राकृतमा पुग्दा अन्ततः 'ह' (h) ध्वनिमा रूपान्तरण भएका छन् ।

वररुचि र हेमचन्द्रका साक्ष्यहरूले यसलाई ध्वन्यात्मक क्षयको अन्तिम चरणका रूपमा प्रस्तुत गरेका छन्, जहाँ मुखभित्रको निश्चित स्पर्श प्रयत्न पूर्णतः समाप्त भई केवल कण्ठबाट निस्कने प्राणवायु मात्र बाँकी रहन्छ । यो प्रवृत्तिले प्राकृतको 'व्यञ्जनलोप' र 'स्वर-प्रधानता'को ऐतिहासिक विशेषतालाई उजागर गर्दछ ।

अन्त्यमा, संस्कृतबाट प्राकृतमा भएको यस किसिमको ध्वन्यात्मक परिवर्तनले दृढीकरण र घोषीकरणको सन्तुलनलाई पनि देखाउँछ। एकातिर तालव्य 'य' (y) को वर्त्स्य 'ज' (j) मा हुने दृढीकरणले भाषाको नयाँ जग बसालेको छ भने अर्कोतिर अघोष ध्वनिहरू सघोषमा बदलिने व्यापक प्रवृत्तिले भाषाको कठोरतालाई न्यूनीकरण गरेको छ । अतः, वररुचि र हेमचन्द्रका सूत्रबद्ध साक्ष्यहरूले प्रमाणित गरे अनुसार संस्कृतबाट प्राकृतमा भएको यो परिवर्तनले भारोपेली भाषा परिवारको विकासक्रममा एक परिष्कृत र वैज्ञानिक रूपान्तरणको प्रतिनिधित्व गर्दछ, जसको जगमा आधुनिक आर्य भाषाहरूको उत्पत्ति भएको हो ।

**ग्रिमको पहिलो / दोस्रो ध्वनि परिवर्तनको नियमको उच्चारण स्थानका आधार वर्गीकरण**

ग्रिमको पहिलो र दोस्रो ध्वनि परिवर्तनको नियमलाई उच्चारण स्थान, घोषत्व र प्राणत्वका आधारमा तालिकामा यसरी देखाउन सकिन्छ:

**तालिका ६:** *प्राकृत व्याकरणमा ओष्ठ्य ध्वनि वरिवर्तन*

| भारोपेली तथा निम्न जर्मन ध्वनि | | | परिवर्तित ध्वनि उच्चारण स्थान, घोषत्व र प्राणत्व | |
|---|---|---|---|---|
| अघोष अल्पप्राण | (कण्ठ्य) k (क्) | > | kh(ख्) (कण्ठ्य) | अघोष महाप्राण |
| अघोष महाप्राण | (कण्ठ्य)kh (ख्) | > | g (ग्) (कण्ठ्य) | सघोष अल्पप्राण |
| सघोष अल्पप्राण | (कण्ठ्य) g (ग्) | > | k (क्) (कण्ठ्य) | अघोष अल्पप्राण |
| सघोष महाप्राण | (कण्ठ्य) gh(घ्) | > | g (ग्) (कण्ठ्य) | सघोष अल्पप्राण |
| अघोष अल्पप्राण | (दन्त्य) t (त्) | > | th(थ्) s (स्) (दन्त्य) | अघोष महाप्राण |
| सघोष अल्पप्राण | (दन्त्य) d (द्) | > | t (त्) (दन्त्य) | अघोष अल्पप्राण |
| अघोष महाप्राण | (दन्त्य) th(थ्) | > | dh (द्) (दन्त्य) | सघोष अल्पप्राण |
| सघोष महाप्राण | (दन्त्य) th(ध्) | > | dh (द्) (दन्त्य) | सघोष अल्पप्राण |
| अघोष अल्पप्राण | (ओष्ठ्य) p (प्) | > | ph (फ्) (ओष्ठ्य) | अघोष महाप्राण |
| अघोष महाप्राण | (ओष्ठ्य) ph (फ्) | > | b (ब्) (ओष्ठ्य) | सघोष अल्पप्राण |
| सघोष अल्पप्राण | (ओष्ठ्य) b (ब्) | > | p (प्) (ओष्ठ्य) | अघोष अल्पप्राण |
| सघोष महाप्राण | (ओष्ठ्य) bh(भ्) | > | b (ब्) (ओष्ठ्य) | सघोष अल्पप्राण |

**क) कण्ठ्य ध्वनिको चक्रीय रूपान्तरण**

ग्रिमको पहिलो नियम अनुसार कण्ठ्य वर्गका स्पर्श ध्वनिहरूमा एउटा स्पष्ट चक्रीय परिवर्तन देखा पर्दछ । यस प्रक्रियामा भारोपेली मूल भाषाको अघोष अल्पप्राण k (क्) ध्वनि अघोष महाप्राण वा संघर्षी kh (ख्)ध्वनिमा बदलिएको छ । ध्वन्यात्मक विकासको अर्को चरणमा अघोष महाप्राण kh (ख् ) ध्वनि सघोषीकरणको प्रक्रियाद्वारा सघोष अल्पप्राण g (ग्) मा रूपान्तरण भएको पाइन्छ । ग्रिमको नियमको एउटा रोचक पक्ष के छ भने, यहाँ सघोष अल्पप्राण g (ग्)ध्वनि पुनः अघोष

अल्पप्राण k (क्) ध्वनिको मूल स्वरूपमा फर्किएको देखिन्छ । यसका साथै,सघोष महाप्राण gh (घ्) ध्वनि खिइने क्रममा यसको महाप्राणत्व हराएर केवल सघोष अल्पप्राण g (ग्) मात्र बाँकी रहन गएको तथ्यले कण्ठ्य वर्गभित्रको ध्वन्यात्मक सन्तुलनलाई पुष्टि गर्दछ ।

**ख) दन्त्य ध्वनिको त्रिकोणात्मक परिवर्तन**

दन्त्य वर्गका ध्वनिहरूमा पनि कण्ठ्य वर्गकै जस्तो त्रिकोणात्मक र नियमबद्ध परिवर्तन देखिन्छ, जहाँ उच्चारण स्थान स्थिर रहे पनि ध्वनिको गुणमा व्यापक फेरबदल आएको छ । यस वर्गमा भारोपेली अघोष अल्पप्राण t (त्) ध्वनि विकसित भएर महाप्राण वा संघर्षी th (थ्) / s (स्) ध्वनिमा बदलिएको छ । ध्वनिको कोमलीकरण हुने क्रममा अघोष महाप्राण th (थ्)ध्वनि सघोष अल्पप्राण d (द्) मा रूपान्तरण भएको पाइन्छ । ग्रिमको नियमको महत्त्वपूर्ण विशेषताका रूपमा सघोष अल्पप्राण d (द्)ध्वनि पुनः अघोष अल्पप्राण t (त्)मा फेरिनुलाई लिइन्छ । त्यसैगरी, सघोष महाप्राण dh (ध्) बाट महाप्राण गुण हराउँदा त्यो सघोष अल्पप्राण d (द्)का रूपमा जर्मनेली भाषाहरूमा सुरक्षित रहन पुगेको देखिन्छ ।

**ग) ओष्ठ्य (Labial) ध्वनिको समान ढाँचा र परिवर्तन**

ओष्ठ्य ध्वनिले पनि कण्ठ्य र दन्त्य वर्गकै जस्तो समान ध्वन्यात्मक ढाँचा पछ्याइएको पाइन्छ । यस अन्तर्गत भारोपेली मूल भाषाको अघोष अल्पप्राण p (प्) ध्वनि परिवर्तित भएर अघोष महाप्राणph (फ्) बनेको छ । सघोषीकरणको नियम अनुसार अघोष महाप्राण ph (फ्) ध्वनि सघोष अल्पप्राण b (ब्) मा रूपान्तरण भएको देखिन्छ । यसैगरी, सघोष अल्पप्राण b (ब्) ध्वनि पुनः अघोष अल्पप्राण p (प्) मा परिवर्तन हुनुले ओष्ठ्य वर्गमा पनि चक्रीय नियम सक्रिय रहेको प्रमाणित गर्दछ । अन्त्यमा, सघोष महाप्राण bh (भ्) ध्वनिबाट महाप्राणत्व लोप भई सघोष अल्पप्राण b (ब्)मा परिवर्तन हुनुले भारोपेलीबाट जर्मनेलीमा जाँदा ध्वन्यात्मक क्षय र रूपान्तरणको एउटै समरूप नियमले काम गरेको स्पष्ट पार्दछ ।

**प्राकृत र ग्रिमका नियमहरूको तुलनात्मक स्वरूप**

संस्कृतबाट प्राकृतमा भएको भाषिक परिवर्तन र भारोपेलीबाट जर्मनेलीमा भएको ग्रिमको नियम दुवैले ध्वनि विज्ञानका दुई भिन्न तर महत्त्वपूर्ण पाटाहरूलाई उजागर गर्दछन् । यी दुईबिचको सबैभन्दा ठुलो भिन्नता उच्चारण स्थानको स्थिरता र विचलनमा देखिन्छ । ग्रिमको नियममा उच्चारण स्थान प्रायः स्थिर रहन्छ; अर्थात् कण्ठ्य ध्वनि कण्ठ्यमै, दन्त्य दन्त्यमै र ओष्ठ्य ओष्ठ्यमै सीमित रहेर चक्रीय रूपमा परिवर्तन हुन्छन् । यसको विपरीत, प्राकृतका नियमहरूमा उच्चारण स्थान निकै अस्थिर वितरणमुखी देखिन्छ, जहाँ कण्ठ्य ध्वनिहरू ओष्ठ्य वा वर्त्स्यसम्म पुग्ने र दन्त्य ध्वनिहरू वर्त्स्य (मूर्धन्य) तिर सर्ने व्यापक 'स्थान विचलन' पाइन्छ । यसले के स्पष्ट पार्छ भने ग्रिमको नियमले ध्वनिको 'प्रयत्न' लाई जोड दिन्छ भने प्राकृतले ध्वनिको 'स्थान' लाई बढी प्रभावित पार्छ ।

परिवर्तनको दिशाका आधारमा हेर्दा, ग्रिमको नियम एउटाचक्रीय र व्यवस्थित प्रक्रिया हो, जसमा अघोष अल्पप्राणबाट महाप्राण, महाप्राणबाट सघोष र सघोषबाट पुनः अघोष अल्पप्राण बन्ने एउटा निश्चित चक्र पूरा हुन्छ । तर, प्राकृतमा ध्वनि परिवर्तनको दिशा मुख्यतया कोमलीकरण  र क्षयीकरणतर्फ उन्मुख छ। प्राकृतमा स्पर्श ध्वनिहरू खिइएर तरल (l, r), अर्धस्वर (v) वा अनुनासिकमा बदलिने मात्र नभई अन्ततः ती सबै स्वरयन्त्रमुखी 'ह' (h) ध्वनिमा विलीन हुने प्रवृत्ति प्रबल छ । ग्रिमको

नियममा ध्वनिको अस्तित्व एउटा वर्गबाट अर्को वर्गमा रूपान्तरित भएर सुरक्षित रहन्छ भने प्राकृतमा ध्वनिहरू बिस्तारै आफ्नो मौलिक स्पर्श गुण गुमाउँदै शून्य वा 'ह' कारमा सीमित हुन्छन् । यी माथिका तथ्यबाट प्राकृत व्याकरण र ग्रीमको नियमका बिचमा भएका समानता र भिन्नतालाई यसरी तालिकामा प्रस्तुत गर्न सकिन्छ :

**तालिका ६:** *प्राकृत व्याकरणरग्रीमको ध्वनि परिवर्तनको नियम बिच समानता र भिन्नताका आधार*

| **तुलनाको आधार** | **प्राकृत व्याकरणको नियम** | **ग्रीमको नियम** |
|---|---|---|
| उच्चारण स्थान | उच्चारण स्थानअस्थिर र वितरणमुखी हुन्छ (कण्ठ्य ध्वनि ओष्ठ्य वा वर्त्स्यसम्म पुग्ने व्यापक 'स्थान-विचलन' हुन्छ) । | उच्चारण स्थान प्रायःस्थिर रहन्छ (कण्ठ्य कण्ठ्यमै, दन्त्य दन्त्यमै र ओष्ठ्य ओष्ठ्यमै सीमित रहन्छ) । |
| मुख्य जोड | यसले ध्वनिको 'स्थान' लाई बढी प्रभावित पार्छ । | यसले ध्वनिको 'प्रयत्न'लाई बढी जोड दिन्छ । |
| परिवर्तनको दिशा | मुख्यतया कोमलीकरण र क्षयीकरणतर्फ उन्मुख (ध्वनिहरू खिइँदै जाने प्रक्रिया) । | एउटा चक्रीय र व्यवस्थित प्रक्रिया (अघोष>महाप्राण>सघोष>अघोष) । |
| ध्वनिको अस्तित्व | ध्वनिहरू मौलिक स्पर्श गुण गुमाउँदै शून्य वा 'ह' (h) कारमा विलीन हुने प्रवृत्ति हुन्छ । | ध्वनिको अस्तित्व सुरक्षित रहन्छ; एउटा वर्गबाट अर्को वर्गमा मात्र रूपान्तरित हुन्छ । |
| भाषिक प्रकृति | यसले शास्त्रीय भाषाको 'ध्वनि विकास' (Sound Evolution) र उच्चारणको सरलतालाई देखाउँछ । | यसले जर्मनेली भाषाहरूको पहिचान स्थापित गर्ने 'ध्वनि विस्थापन' लाई प्रमाणित गर्छ । |
| कण्ठ्य | कण्ठ्य ध्वनिहरू (क्, ख् आदि) लोप हुने वा खिइएर अतिकण्ठ्य (ह) वा स्वरमा बदलिने प्रवृत्ति हुन्छ। | कण्ठ्य ध्वनिहरू कण्ठ्यमै रहन्छन्; केवल अघोषबाट घोष वा महाप्राणमा चक्रीय परिवर्तन हुन्छ । |
| तालव्य | तालव्य ध्वनिहरू प्रायःवर्त्स्य (दन्त्य/मूर्धन्य) तिर विचलित हुन्छन् वा समीकरणका कारण फेरिन्छन्। | तालव्य स्थान स्थिर रहन्छ; ध्वनिकोआन्तरिक प्रयत्नमा मात्र फेरबदल आउँछ । |
| वर्त्स्य/मूर्धन्य | दन्त्य ध्वनिहरूवर्त्स्य/मूर्धन्य (ट-वर्ग) तिर सर्ने व्यापक 'स्थान-विचलन' पाइन्छ (जस्तै: संस्कृत 'दन्त' >प्राकृत 'दाँत/डाँत') । | वर्त्स्य वा दन्त्य ध्वनिहरू आफ्नै स्थानमा सुरक्षित रहन्छन्; वर्ग मात्र परिवर्तन हुन्छ । |
| ओष्ठ्य | कण्ठ्य वा अन्य स्थानका ध्वनिहरू कतिपय अवस्थामा ओष्ठ्य (व/म)तिर विचलित हुने वा ओष्ठ्य ध्वनिहरू 'ह' मा फेरिने हुन्छ । | ओष्ठ्य ध्वनिहरू (प्, ब्, फ्) ओष्ठ्य वर्गभित्रै सीमित रहेर अघोष-सघोषको चक्र पूरा गर्छन् । |
| अतिकण्ठ्य/स्वरयन्त्रमुखी | धेरैजसो स्पर्श ध्वनिहरू आफ्नो स्थान छाडेर | यसमा 'ह' कारमा विलीन हुने प्रक्रिया |

| | | |
|---|---|---|
| | अन्त्यमा 'ह' (अतिकण्ठ्य) ध्वनिमा विलीन हुन्छन् । | हुँदैन; ध्वनिहरूस्पर्श गुणमै कायम रहन्छन् । |
| विचलनको दिशा | अस्थिर र विकेन्द्रीकृत: ध्वनिहरू एउटा स्थानबाट अर्को टाढाको स्थानमा पुग्छन् । | स्थिर र केन्द्रीकृत: ध्वनिहरू आफ्नै उच्चारण स्थानको 'कोलम' भित्रै सीमित रहन्छन् । |

अन्त्यमा, यी दुवै नियमहरूले भारोपेली भाषा परिवारको ऐतिहासिक विकासक्रमलाई बुझ्न वैज्ञानिक आधार प्रदान गर्दछन्। ग्रिमको नियमले जर्मनेली भाषाहरूको छुट्टै पहिचान स्थापित गर्ने 'ध्वनि विस्थापन' को नियमलाई प्रमाणित गर्छ भने प्राकृतका नियमहरूले संस्कृत जस्तो शास्त्रीय र कठोर भाषा कसरी उच्चारणको सरलता र कोमलताका कारण जनबोली वा प्राकृतमा रूपान्तरित भयो भन्ने 'ध्वनि विकास' को प्रक्रियालाई स्पष्ट पार्छन् । अतः, ग्रिमको नियममा ध्वनिको 'प्रकृतिको अदलबदल' प्रमुख छ भने प्राकृतमा ध्वनिको 'स्थानको विचलन र क्षय' प्रमुख छ । यी दुई भिन्न प्रवृत्तिले नै विश्वका विभिन्न भाषा परिवारका ध्वनिहरूलाई आ-आफ्नो विशिष्टता प्रदान गरेका छन् ।

**निष्कर्ष**

संस्कृतबाट प्राकृतमा भएको भाषिक रूपान्तरण र भारोपेलीबाट जर्मनेलीमा भएको ग्रिमको नियम दुवैले ऐतिहासिक भाषाविज्ञानका दुई भिन्न तर उत्तिकै शक्तिशाली ध्वन्यात्मक आयामहरूलाई प्रतिनिधित्व गर्दछन् । यी दुई नियमहरू बिचको तुलना गर्दा प्राप्त हुने सबैभन्दा प्रमुख तथ्यउच्चारण स्थानको स्थिरता र विचलन  हो। ग्रिमको नियममा उच्चारण स्थान पूर्णतःस्थिर रहन्छ; अर्थात्, यदि मूल ध्वनि कण्ठ्य, दन्त्य वा ओष्ठ्य छ भने परिवर्तित ध्वनि पनि सोही वर्गभित्रै सीमित रहेर चक्रीय रूपमा फेरिन्छ। यसको विपरित, प्राकृतमा उच्चारण स्थान निकै अस्थिर देखिन्छ, जहाँ ध्वनिहरू आफ्नो मूल स्थानबाट विचलित भई अग्रगामी वा पश्चगामी दिशामा वितरित हुने गर्दछन् । यसले प्राकृत भाषामा ध्वनिको 'विकेन्द्रीकरण' भएको तथ्यलाई प्रमाणित गर्दछ ।

कण्ठ्य ध्वनिको सन्दर्भमा हेर्दा, ग्रिमको नियममा यो वर्गभित्रै स्पर्श ध्वनिहरूको चक्रीय परिवर्तन (k >kh, g > k) मात्र सीमित रहन्छ। तर प्राकृतमा कण्ठ्य ध्वनिहरू कि त 'अग्रगामी' भई ओष्ठ्य (m, v) सम्म पुग्छन्, कि त 'पश्चगामी' भई स्वरयन्त्रमुखी 'ह' (h) मा विलीन हुन्छन् । दन्त्य र वर्त्स्य ध्वनिको तुलनामा पनि ग्रिमको नियममा स्थान परिवर्तन हुँदैन, जबकि प्राकृतमा व्यापक पश्चगामी विचलन देखिन्छ, जहाँ संस्कृतका दन्त्य ध्वनिहरू दाँतबाट पछाडि सरेर गिजा (वर्त्स्य) सम्म पुग्छन्। ओष्ठ्य ध्वनिको हकमा पनि ग्रिमको नियममा उच्चारण स्थान स्थिर रहे तापनि प्राकृतमा ती ध्वनिहरू कठोर भई भित्री अवयव (दन्त्य वा वर्त्स्य) तिर सरेको पाइन्छ । तालव्य ध्वनिको हकमा ग्रिमको नियम मौन रहे पनि प्राकृतमा तालव्य 'य' (y) वर्त्स्य र ओष्ठ्य क्षेत्रमा फैलिएर आफ्नो केन्द्रीयता गुमाएको देखिन्छ ।

निष्कर्ष हेर्दा ग्रिमको नियमले मुख्यतया 'ध्वनिको गुण' मा हुने परिवर्तनमा आधारित छ यसमा स्पर्श ध्वनिहरू संघर्षी हुँदै पुनः स्पर्शमा फर्कन्छन् । तर, प्राकृतका नियमहरूले 'उच्चारणको स्थान' मा हुने विचलनमा केन्द्रित रहेको पाइन्छ । ग्रिमको नियम चक्रीय  छ भने प्राकृतको नियम वितरणमुखी छ । प्राकृतमा ध्वनिहरू उच्चारण स्थानको केन्द्रबाट बाहिरतिर (अग्र वा पश्च)

फैलने र अन्ततः अतिकण्ठ्य 'ह' (h) मा विलीन हुने प्रवृत्ति राख्दछन् । यसै आधारमा,ग्रिमको नियमले जर्मनेली भाषाको ध्वन्यात्मक सुदृढीकरणलाई बुझाउँछ भने प्राकृतका नियमहरूले संस्कृत जस्तो क्लिष्ट भाषा कसरी विवरणात्मक, कोमल र उच्चारणमा सहज बन्दै प्राकृतमा रूपान्तरित भयो भन्ने भाषावैज्ञानिक यथार्थलाई पुष्टि गर्दछन् । तर ग्रिमले जुन भाषिक परिवर्तनको नियम प्रस्तुत गरे त्यो प्राकृत व्याकरणमा प्रस्तुत भएको भाषिक परिवर्तनको नियमको आधारमा निर्मित भएको स्पष्ट हुन्छ ।

***कृतज्ञता ज्ञापन***

प्रस्तुत लेख अध्ययन गरी सुझाव दिएर यसलाई परिमार्जन गर्न सहयोग गर्नुहुने विज्ञज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

***सन्दर्भसामग्री सूची***

गौतम, देवीप्रसाद र चौलागाईँ, प्रेमप्रसाद(२०६८). *भाषा विज्ञान*. पाठ्य सामग्री पसल ।

बन्धु, चुडामणि (२०७७). *भाषाविज्ञान*. (१०औँ सं.), साझा प्रकाशन ।

वररुचि (ई.१९५९). *प्राकृत प्रकाश*. (मथुराप्रसाद दीक्षित, टीका.), चौखम्बा संस्कृत सिरिज आफिस ।

शास्त्री, नेमिचन्द्र (ई.१९६३). *अभिनव प्राकृत व्याकरण*. तारा पब्लिकेशन ।

शास्त्री, नेमिचन्द्र (ई.१९६६). *प्राकृत भाषा और साहित्य का आलोचनात्मक इतिहास*.तारा पब्लिकेसन ।

हेमचन्द्र (ई.२००६). *प्राकृत व्याकरणम्*. (सुरेश सिसोदिया, सम्पा.), आमग, अहिंसा समता एवं प्राकृत संस्थान ।